धनगढी उपमहानगरपालिका

स्थानीय राजपत्र

खण्ड: १० संख्या: ०४ मितिः २०८३/०३/०९

भाग-२

धनगढी उप-महानगरपालिका

धनगढी उपमहानगरपालिकाको हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं अभियान सञ्चालन कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३ असार ६ गते

प्रमाणीकरण मिति : २०८३ असार ८ गते

राजपत्रमा प्रकाशित मितिः २०८३ असार ९ गते

प्रस्तावना: सुदूरपश्चिम प्रदेशमा अवस्थित धार्मिक तीर्थस्थल, पर्यटकीय गन्तव्य, ऐतिहासिक सम्पदा, प्राकृतिक सौन्दर्य, स्थानीय कला–संस्कृति, मौलिक परिकार, भाषा, भेषभूषा तथा स्थानीय उत्पादनको प्रभावकारी प्रचार–प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण, लगानी आकर्षण, रोजगारी सिर्जना तथा प्रदेशको सकारात्मक पहिचान अभिवृद्धि गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश क्षेत्रमा रहेको एक मात्र उपमहानगरपालिका धनगढी उपमहानगरपालिकाले नेतृत्त्वदायी भूमिका निर्वाह गर्दै धनगढी उपमहानगरपालिकालाई (Gate Way) सुदूरपश्चिमको प्रवेशद्धारका रुपमा स्थापित गरि सुदूरपश्चिमका अन्य स्थानीय तहमा अवस्थित पर्यटकीय क्षेत्रहरुको भ्रमणका लागि एक आकर्षक गन्तव्यका रुपमा विकास गर्दै रोजगारीका अवसरहरुको सिर्जना गर्न **"हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं"** अभियान सञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२, धनगढी उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिम धनगढी उपमहानगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"धनगढी उपमहानगरपालिकाको "हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं" अभियान सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई धनगढी उपमहानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि धनगढी उपमहानगरपालिकाबाट सञ्चालन गरिने अभियान तथा सो अभियानसँग सम्बन्धित सबै कार्यक्रमहरूमा लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"उपमहानगरपालिका"** भन्नाले धनगढी उपमहानगरपालिकालाई सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ग) **"अभियान"** भन्नाले "हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं" अभियानलाई सम्झनुपर्छ।

(घ) **"कार्यक्रम"** भन्नाले अभियान सञ्चालनको लागि सुदूरपश्चिमका कुनै निश्चित एउटा वा एक भन्दा बढी क्षेत्रमा सहभागीहरुबाट गरिएको स्थलगत सहभागितालाई सम्झनुपर्छ।

(ङ) **"समिति"** भन्नाले दफा ६ बमोजिम गठित अभियान सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(च) **"सहभागी"** भन्नाले अभियान अन्तर्गतका कार्यक्रममा सहभागी हुने जनप्रतिनिधि, कर्मचारी, पर्यटन व्यवसायी, स्थानीय नागरिक, शिक्षक, विद्यार्थी, पत्रकार, सञ्चारकर्मी, सामाजिक अभियन्ता, सामग्री निर्माता (अँग्रेजीमा "Content Creater" भनिने) तथा कार्यालयले छनोट गरेका अन्य व्यक्तिहरुलाई समेत सम्झनुपर्छ।

(छ) **"सामग्री (अँग्रेजीमा "Content" भनिने)"** भन्नाले फोटो, भिडियो, वृत्तचित्र, छोटो भिडियो, रील, समाचार, लेख, ब्लग, पोडकास्ट, अन्तर्वार्ता, डिजिटल प्रकाशन, बुकलेट, ब्रोसर, प्रचारप्रसारका लागि तयार गरिएका छापा सामग्री वा सामाजिक सञ्जालमा प्रकाशन गरिने अन्य सिर्जनात्मक सामग्रीलाई सम्झनुपर्छ।

(त) **"नगर प्रमुख "** भन्नाले धनगढी उपमहानगरपालिकाको नगर प्रमुख लाई सम्झनु पर्दछ।

(थ) **"नगर उपप्रमुख"** भन्नाले धनगढी उपमहानगरपालिकाको उपप्रमुख लाई सम्झनु पर्दछ।

(ध) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले धनगढी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

परिच्छेद-२

अभियानको उद्देश्य तथा सिद्धान्त

३. **अभियानको उद्देश्य:** "हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं" अभियानका उद्देश्य देहायबमोजिम रहेको छ।

(क) सुदूरपश्चिम प्रदेशका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक तथा पर्यटकीय सम्पदाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्ने।

(ख) सुदूरपश्चिम क्षेत्रको स्थानीय पर्यटन प्रवर्द्धन गरी आर्थिक गतिविधि विस्तार गर्ने।

(ग) सुदूरपश्चिम क्षेत्रको स्थानीय कृषि, उद्योग, हस्तकला तथा मौलिक उत्पादनको बजारीकरणमा सहयोग पुऱ्याउने।

(घ) सुदूरपश्चिम प्रदेशको सकारात्मक पहिचान निर्माण गर्ने।

(ङ) डिजिटल माध्यमबाट विश्वसामु सुदूरपश्चिम प्रदेशलाई ब्रान्डिङ गर्ने।

(च) सुदूरपश्चिम प्रदेशका स्थानीय समुदायको आयआर्जन र रोजगारी प्रवर्द्धनमा सहयोग गर्ने।

(छ) सुदूरपश्चिम प्रदेशका निजी क्षेत्र, सञ्चारमाध्यम तथा नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने।

(ज) धनगढी उपमहानगरपालिकलाई सुदूरपश्चिम भ्रमण को मुख्य प्रवेशद्धारका (Gate Way) रुपमा स्थापित गरि सुदूरपश्चिमका अन्य स्थानीय तहमा अवस्थित पर्यटकीय क्षेत्रहरुको भ्रमणका लागि एक आकर्षक गन्तव्यका रुपमा स्थापित गरी रोजगारीका अवसरहरुको सिर्जना गर्ने।

४. **अभियानको सिद्धान्त:** "हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं" अभियान सञ्चालन गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछ –

(क) सत्य, तथ्यपरक तथा विश्वसनीय सूचना।

(ख) समावेशी सहभागिता।

(ग) स्थानीय संस्कृति र सम्पदाको संरक्षण।

(घ) वातावरणमैत्री पर्यटन प्रवर्द्धन।

(ङ) पारदर्शिता, जवाफदेहिता र सुशासन।

(च) डिजिटल नवप्रवर्तन तथा आधुनिक सञ्चार प्रविधिको उपयोग।

(छ) हाम्रो अभियान, हाम्रो सहभागिता।

परिच्छेद-३

अभियान सञ्चालन तथा व्यवस्थापन

५. **अभियान सञ्चालन:** (१) कार्यालयले वार्षिक स्वीकृत नीति, कार्यक्रम तथा बजेटअनुसार "हाम्रो सुदूर, पश्चिम हामी चिनाउँछौं" अभियान सञ्चालन गर्नेछ।

(२) अभियान सुदूरपश्चिम प्रदेशभित्र जिल्लागत, स्थानीय तहगत, प्रदेशस्तरीय वा आवश्यकताअनुसार अन्य क्षेत्रमा सञ्चालन गर्न सकिनेछ।

(३) अभियानअन्तर्गत धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक, पर्यटकीय, कृषि, औद्योगिक तथा आर्थिक सम्भावना भएका क्षेत्रको अध्ययन, अवलोकन तथा प्रचार प्रसार गरिनेछ।

(४) अभियान एकदिन वा एक भन्दा बढीसम्म एकै पटक वा चरणबद्ध रूपमा पटक पटक सञ्चालन गर्न सकिनेछ।

(५) अभियान सञ्चालनको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तहलाई गराएर गरिनेछ ।

६. **अभियान सञ्चालन तथा व्यवस्थापन समिति:** (१) "हाम्रो सुदूर, पश्चिम हामी चिनाउँछौं" अभियान सञ्चालनका लागि देहायबमोजिमको अभियान सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क)	नगर प्रमुख	- संयोजक
(ख)	नगर उपप्रमुख	- सदस्य
(ग)	प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
(घ)	सामाजिक विकास समितिका संयोजक	- सदस्य
(ङ)	कार्यपालिकाका सदस्यहरुमध्येबाट संयोजकले तोकेका दुईजना	- सदस्य
(च)	प्रमुख प्रशासकीय अधिकृतले तोकेको वरिष्ठ कर्मचारी एकजना	- सदस्य
(छ)	आर्थिक प्रशासन शाखा प्रमुख	- सदस्य
(ज)	सञ्चार तथा सूचना प्रविधि शाखा प्रमुख	- सदस्य
(झ)	पर्यटन तथ संस्कृतिसम्बन्धी काम गर्ने शाखा प्रमुख	- सदस्य
(ञ)	सामाजिक विकाससम्बन्धी काम गर्ने शाखा प्रमुख	- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञ, कर्मचारी तथा आवश्यक ठहर्‍याएका अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमका मनोनित सदस्यहरुको पदावधि मनोनित भएको मितिले दुई वर्षको हुनेछ । निजहरुलाई अर्को कार्यकालका लागि पुन: मनोनित गर्न सकिनेछ । तर, निजहरुमध्ये कार्यपालिका सदस्यहरु कार्यपालिकाको सदस्य नरहेमा र कर्मचारीहरु उपमहानगरपालिकाको कर्मचारी नरहेमा निजहरुको यस समितिको सदस्य पद स्वत: समाप्त भएको मानिनेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकार:** (१) दफा ६ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ.

(क) अभियान अन्तर्गत सञ्चालन हुने कार्यक्रमको तालिका र खर्चको नर्म्स स्वीकृत गर्ने ।

(ख) अभियान अन्तर्गतका कार्यक्रमहरुमा सहभागी हुने सहभागीहरुको छनोट गर्ने ।

(ग) अभियान अन्तर्गतका कार्यक्रमका लागि बजेटको व्यवस्थापन गर्ने ।

(घ) अभियानको कार्यान्वयनका लागि अन्य स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।

(ङ) अभियानको प्रचार–प्रसार रणनीति तयार गर्ने ।

(च) अभियानमा सहभागिहरुले तयार पारेका सामग्रीहरुमध्ये उत्कृष्ट सामग्री छनोट गरी सम्मान तथा पुरस्कारका लागि सिफारिस गर्ने ।

धनगढी उपमहानगरपालिका राजपत्र

(छ) अभियानका लागि संयोजक, व्यवस्थापक, पथ प्रदर्शक वा यस्तै जनशक्ति आवश्यक पर्ने भएमा जनशक्ति व्यवस्थापन गर्ने।

(ज) "हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं अभियान" सञ्चालनका लागि आवश्यक अन्य नीतिगत निर्णय गर्ने तथा निर्णय भएका कार्यहरु गर्ने, गराउने।

(२) समितिले उपदफा (१) बमोजिम गर्ने कार्यहरु समितिका कुनै पदाधिकारी वा नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखा मार्फत गर्ने गरी तोक्न वा प्रत्यायोजन गर्न सक्नेछ।

८. **समितिको बैठक र सञ्चालन विधि :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउनेछ।

(३) समितिको बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा अध्यक्षको निर्णय अन्तिम हुनेछ। समितिका आमन्त्रित सदस्यहरुलाई निर्णयका लागि मताधिकार रहनेछैन्।

(५) समितिको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोकेबमोजिम हुनेछ।

परिच्छेद-४

सहभागी सम्बन्धी व्यवस्था

९. **सहभागी छनोट:** (१) अभियान सञ्चालनका लागि स्वीकृत भ्रमण तालिका अनुसार भ्रमणमा सहभागी हुने सहभागीको छनोट अभियान सञ्चालन तथा व्यवस्थापन समितिको संयोजकको निर्देशनमा कार्यालयले गर्नेछ।

(२) सहभागी छनोट गर्दा देहायका व्यक्तिलाई प्राथमिकता दिन सकिनेछ ;–

(क) उपमानगरपालिकाका बहालवाला जनप्रतिनिधि,

(ख) उपमहानगरपालिकाका बहालवाला कर्मचारी,

(ग) पर्यटन व्यावसायी,

(घ) स्थानीय नागरिक,

(ङ) पत्रकार तथा सञ्चारकर्मी,

(च) स्वतन्त्र सामाजिक अभियन्ता,

(छ) सामाजिक सञ्जालमा सामग्री निर्माण गर्ने सामग्री निर्माता,

(ज) विद्यालय तथा क्याम्पसका शिक्षा एवम् विद्यार्थी,

(झ) संयोजकको निर्देशनमा कार्यालयले छनोट गरेका अन्य व्यक्तिहरु।

(३) उपदफा (२) को प्राथमिकता अनुसार सहभागी छनोट गर्दा सुदूरपश्चिम प्रदेशक्षेत्रको जुन स्थानीय तहमा रहेको क्षेत्रको भ्रमण गरी चिनाउन खोजिएको हो, उक्त स्थानीय तहसँग समन्वय गरी सो स्थानीय तहका थप व्यक्तिहरुलाई समेत भ्रमणमा सहभागी गराउन सकिनेछ । यसरी सहभागी गराइने सहभागीहरुको छनोट सम्बन्धित स्थानीय तहले गरेबमोजिम हुनेछ।

१०. **<u>सहभागीलाई उपलब्ध गराइने सुविधा:</u>** (१) "हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं" अभियानका सहभागीहरुलाई उपलब्ध बजेटको सीमाभित्र रही देहायका सुविधा उपलब्ध गराउन सकिनेछ;–

(क) स्वीकृत भ्रमण, अवलोकन तथा प्रवर्द्धनात्मक गतिविधिको कार्यतालिका अनुसार भ्रमण, अवलोकनको सुरु विन्दु धनगढी देखि अन्तिम विन्दु सम्म जान आउनका लागि जहाँसम्म यातायातको सुविधा रहेको छ त्यहाँसम्मको यातायातको व्यवस्था कार्यालयले गर्नेछ।

(ख) भ्रमणमा सहभागी हुने हरुलाई कार्यक्रममा स्वीकृत भए बमोजिम भ्रमण स्थलमा उपलब्ध हुने खाना तथा खाजाको व्यवस्था कार्यालयको तर्फबाट गर्न सकिनेछ।

(ग) भ्रमण दलमा सहभागीहरुका लागि भ्रमण क्षेत्रमा उपलब्ध आवासको व्यवस्थाका लागि कार्यालयमा उपलब्ध भएसम्म टेन्ट र स्लीपिंग व्यागको व्यवस्था कार्यालयले गर्नेछ। भ्रमण दलमा सहभागी संख्या कार्यालयमा उपलब्ध टेन्ट र स्लीपिंग व्यागको क्षमता भन्दा बढी भएमा वा कार्यालयमा तत्काल टेन्ट र स्लीपिंग व्याग उपलब्ध नभएमा टेन्ट र स्लीपिंग व्याग आवश्यक पर्ने भ्रमण क्षेत्रका लागि टेन्ट र स्लीपिंग व्यागको व्यवस्था स्वमय् सहभागीले गर्नु पर्नेछ। भ्रमण क्षेत्रमा आवासको सुविधा उपलब्ध भएका आवास कार्यालयले कार्यक्रममा स्वीकृत भए बमोजिम आवास खर्च गरेर सहभागीहरुलाई आवास सुविधा उपलब्ध गराउन सक्नेछ।

(घ) कुनै भ्रमण क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको कानून बमोजिम प्रवेश शुल्क बुझाउनु पर्ने भएमा कार्यक्रममा स्वीकृत भएबमोजिम तोकिएको प्रवेश शुल्क कार्यालय भुक्तानी गर्नेछ।

(ङ) भ्रमणको समयमा आवश्यक पर्ने औषधि, खानेपानी बोक्ने बोतल, सामान बोक्ने झोला, लौरी लगायतका व्यक्तिगत रुपमा प्रयोग हुने सामग्रीहरुको बन्दोबस्त भ्रमण दलका सहभागी स्वयम्ले गर्नु पर्नेछ।

(च) कार्यक्रममा सहभागीहरुको यात्रा बीमा सम्बन्धी व्यवस्था स्वीकृत भ्रमण कार्यक्रममा उल्लेख भएबमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेखित सुविधाहरु कार्यालयको बजेटमा स्वीकृत भएबमोजिम हुनेछ। उल्लेख नभएको वा कार्यालयले सुविधा उपलब्ध नगराएको अवस्थामा पनि भ्रमणमा सहभागी हुन सकिनेछ।

(३) कार्यालयका बहालबाला जनप्रतिधि र कर्मचारीहरुलाई भ्रमणमा सहभागी भएवापत उपलब्ध गराईने अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

११. **<u>सहभागीले पालना गर्नुपर्ने आचारसंहिता:</u>** (१) "हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं" अभियान अन्तर्गत सञ्चालन हुने स्वीकृत कार्यक्रम अन्तर्गतको भ्रमण, अवलोकन तथा प्रवर्द्धनात्मक गतिविधिमा सहभागी हुने प्रत्येक सहभागीले देहाय बमोजिमका आचारसंहिता अनिवार्य रूपमा पालना गर्नुपर्नेछः–

(क) आयोजक निकायबाट दिइएको निर्देशनको पालना गर्नुपर्ने।

(ख) स्थानीय समुदाय, भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, कला, ऐतिहासिक सम्पदा तथा सामाजिक मूल्य–मान्यताको सम्मान गर्नुपर्ने।

(ग) प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षणमा सहयोग पुऱ्याउने तथा कुनै प्रकारको क्षति पुग्ने कार्य गर्न नहुने।

(घ) वातावरण संरक्षणलाई प्राथमिकता दिई फोहोरमैला व्यवस्थापनमा सहयोग गर्ने, प्लास्टिकजन्य तथा अन्य फोहोर जथाभावी नफाल्ने तथा भ्रमणस्थललाई स्वच्छ राख्नुपर्ने।

(ङ) भ्रमणका क्रममा प्राप्त सूचना, तथ्य तथा विवरणलाई सामाजिक सञ्जाल वा अन्य माध्यममा प्रशारण गर्दा यथार्थ, विश्वसनीय र वस्तुनिष्ठ रूपमा मात्र सम्प्रेषण गर्नुपर्ने तथा भ्रामक, अपुष्ट, अतिरञ्जित वा गलत सूचना प्रकाशन वा प्रसारण गर्न नहुने।

(च) कुनै राजनीतिक दल, उम्मेदवार वा विचारको प्रचारप्रसार गर्ने, धार्मिक, जातीय वा साम्प्रदायिक भावना भड्काउने तथा सामाजिक सद्भावमा प्रतिकूल असर पर्ने गतिविधि गर्न वा त्यस्ता सामग्री प्रकाशन वा प्रसारण गर्न नहुने।

(छ) जात, जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र, वर्ग वा अन्य कुनै आधारमा विभेद, घृणा वा अपमानजनक अभिव्यक्ति प्रयोग गर्न नहुने।

(ज) भ्रमण तालिका, समयसीमा तथा कार्यक्रम संयोजक वा आयोजक निकायले दिएको निर्देशनको पालना गर्नुपर्ने तथा निर्धारित कार्यक्रममा नियमित रूपमा सहभागी हुनुपर्ने।

(झ) स्थानीय बासिन्दा, सहयात्री, कर्मचारी, सुरक्षाकर्मी तथा अन्य सरोकारवालाप्रति शिष्ट, सभ्य र मर्यादित व्यवहार गर्नुपर्ने।

(ञ) फोटो, भिडियो वा अन्य सामग्री सङ्कलन तथा प्रकाशन गर्दा सम्बन्धित व्यक्ति, समुदाय वा संस्थाको गोपनीयता, प्रतिष्ठा तथा कानुनी अधिकारको सम्मान गर्नुपर्ने।

(ट) अभियान अन्तर्गत उत्पादन तथा प्रकाशन गरिने सामग्रीले सुदूरपश्चिम प्रदेशको प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, कृषि, पर्यटन, आर्थिक तथा सामाजिक सम्भावनालाई सकारात्मक, तथ्यपरक र सिर्जनात्मक रूपमा प्रवर्द्धन गर्नुपर्ने।

(ठ) अभियानको उद्देश्य, प्रतिष्ठा वा सार्वजनिक छविमा नकारात्मक असर पर्ने, अश्लील, हिंसात्मक, अमर्यादित वा कानूनविपरीत सामग्री उत्पादन, प्रकाशन वा प्रसारण गर्न नहुने।

(ङ) भ्रमणका क्रममा मदिरा, लागूऔषध वा अन्य नशालु पदार्थ सेवन गरी सार्वजनिक मर्यादा विपरीतको व्यवहार गर्न नहुने।

(ढ) व्यक्तिगत सुरक्षा तथा सामूहिक हितलाई ध्यानमा राखी जोखिमपूर्ण गतिविधि नगर्ने तथा कुनै दुर्घटना, विपद् वा आपत्कालीन अवस्था उत्पन्न भएमा तत्काल आयोजक वा सम्बन्धित निकायलाई जानकारी गराउनुपर्ने।

(ण) अभियान अन्तर्गत भ्रमण तथा कार्यक्रमबाट प्राप्त सूचना, तस्बिर, भिडियो वा अन्य सामग्रीलाई व्यक्तिगत, व्यावसायिक वा अन्य स्वार्थका लागि दुरुपयोग गर्न नहुने।

(त) आयोजक निकायले उपलब्ध गराएको सामग्री, उपकरण तथा स्रोतसाधनको सुरक्षित, मितव्ययी र जिम्मेवार प्रयोग गर्नुपर्ने तथा क्षति पुऱ्याएमा प्रचलित कानूनबमोजिम जिम्मेवार हुनुपर्ने।

(थ) सहभागीले अभियानको उद्देश्यअनुरूप तोकिएको समयावधिभित्र आवश्यक फोटो, भिडियो, लेख, समाचार, रील, वृत्तचित्र वा अन्य सिर्जनात्मक सामग्री तयार गरी सामाजिक सञ्जालमा रहेका आफ्ना आइडी मार्फत प्रकाशन गर्ने, अन्य सहभागी वा आयोजकमार्फत प्रकाशनका लागि उपलब्ध गराएर प्रकाशन गर्ने।

(द) सहभागीले आफ्नो सामाजिक सञ्जाल तथा सञ्चार माध्यममार्फत अभियानको उद्देश्यअनुकूल सामग्रीलाई प्राथमिकताका साथ प्रचारप्रसार गरी सुदूरपश्चिम प्रदेशको पहिचान, पर्यटन तथा विकास प्रवर्द्धनमा योगदान पुऱ्याउनुपर्ने।

(ध) अभियान अन्तर्गत सञ्चालन हुने स्वीकृत कार्यक्रम अन्तर्गतको भ्रमण, अवलोकन तथा प्रवर्द्धनात्मक गतिविधिमा सहभागी हुने सहभागीहरुले आयोजक वा आयोजकले तोकेका व्यक्तिहरुबाट तोकिएका अन्य आचारसंहिताको समेत पालना गर्नु पर्नेछ।

(२) कुनै सहभागीले उपदफा (१) मा उल्लेखित आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आयोजकले भ्रमण, अवलोकन तथा प्रवर्द्धनात्मक गतिविधिको लागि व्यवस्थापन गर्न तोकेको व्यक्तिले त्यस्ता सहभागीलाई अभियानबाट हटाउन सक्नेछ भने अभियान सञ्चालन तथा व्यवस्थापन समितिले भविष्यमा यस्ता कार्यक्रममा सहभागी हुनबाट समेत वञ्चित गर्ने, उपलब्ध गराइएको सुविधा फिर्ता लिन सक्ने तथा प्रचलित कानूनबमोजिम अन्य आवश्यक कारबाही गर्न, गराउन सक्नेछ।

परिच्छेद-५

सामग्री निर्माण तथा प्रचार–प्रसार

१२. **सामग्री निर्माण तथा प्रवर्द्धन**: (१) "हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं" अभियान अन्तर्गत भ्रमणमा सहभागी भएका पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जाल सामग्री निर्माता तथा अन्य सहभागीले भ्रमणका क्रममा सुदूरपश्चिम प्रदेशका

प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय, कृषि, आर्थिक तथा सामाजिक सम्भावनालाई समेट्ने गरी सामग्री निर्माण गर्नुपर्नेछ।

(२) प्रत्येक सहभागीले न्यूनतम देहाय बमोजिमका सामग्री तयार गरी आफ्नो सामाजिक सञ्जालका आइडी वा आफू कार्यरत संस्थाको मिडिया मार्फत प्रशारण गर्ने, गराउने वा अन्य माध्यमबाट प्रशारणका लागि आयोजकलाई उपलब्ध गराउनु पर्नेछः–

(क) कम्तीमा एउटा छोटो अवधिको भिडियो सामग्री (भ्लग, रील वा अन्य उपयुक्त भिडियो),

(ख) कम्तीमा पाँचवटा फोटो,

(ग) आवश्यकताअनुसार समाचार, लेख, ब्लग, फोटो फिचर, अडियो सामग्री वा अन्य सिर्जनात्मक सामग्रीहरु।

(३) निर्माण गरिने सामग्री सत्य, तथ्यपरक, मौलिक, सिर्जनात्मक, सार्वजनिक मर्यादाअनुकूल तथा अभियानको उद्देश्यअनुरूप हुनुपर्नेछ।

(४) कुनै पनि सामग्रीमा गलत, भ्रामक, अपुष्ट वा अतिरञ्जित सूचना, अश्लील, हिंसात्मक, विभेदकारी वा सामाजिक सद्भावमा प्रतिकूल असर पर्ने विषयवस्तु समावेश गर्न पाइने छैन।

(५) सामग्री निर्माण गर्दा सम्बन्धित व्यक्तिको गोपनीयता, बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार तथा प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(६) अभियान सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक ठानेमा भ्रमणमा सहभागी पत्रकार, सञ्चारकर्मी तथा सामग्री निर्मातालाई सामग्री सिर्जना (Creating), तयारी (Preparing), मुद्रण (Printing) तथा डिजिटल प्रवर्द्धन (Boosting/Promotion) का लागि स्वीकृत बजेटको सीमाभित्र रही प्रोत्साहनस्वरूप निश्चित रकम उपलब्ध गराउन सक्नेछ।

(७) उपदफा (६) बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउँदा सामग्रीको गुणस्तर, मौलिकता, पहुँच (Reach), प्रभाव (Impact), अभियानमा पुऱ्याएको योगदान तथा समितिको राय समेतलाई विचार गरिनेछ।

(८) अभियान अन्तर्गत तयार गरिएका सामग्रीको अभिलेखीकरण, अध्ययन, अनुसन्धान, पर्यटन प्रवर्द्धन तथा सार्वजनिक हितका लागि धनगढी उपमहानगरपालिकाले आवश्यकतानुसार प्रयोग गर्न सक्नेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

१३. **सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा प्रकाशन** : (१) सहभागीले अभियान अन्तर्गत तयार गरेका सामग्री आफ्ना आधिकारिक सामाजिक सञ्जाल, अनलाइन सञ्चार माध्यम, वेबसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन वा अन्य उपयुक्त माध्यममार्फत प्रकाशन वा प्रसारण गर्न सक्नेछन् ।

(२) प्रकाशित सामग्रीमा सुदूरपश्चिम प्रदेशको सकारात्मक पहिचान, पर्यटन प्रवर्द्धन, स्थानीय संस्कृति, प्राकृतिक सम्पदा तथा विकासका सम्भावनालाई प्राथमिकताका साथ प्रस्तुत गर्नुपर्नेछ ।

(३) धनगढी उपमहानगरपालिकाले प्राप्त सामग्रीलाई आवश्यक सम्पादन, अनुवाद, पुनःसंयोजन (Editing), रूपान्तरण (Adaptation), पुनःप्रकाशन (Re-publication), प्रसारण तथा प्रचार–प्रसार गर्न सक्नेछ । यस प्रयोजनका लागि सहभागीले सामग्री उपलब्ध गराएकोलाई आवश्यक सहमति दिएको मानिनेछ ।

(४) सामग्री प्रकाशन गर्दा सम्भव भएसम्म अभियानका आधिकारिक लोगो, परिचय, शीर्षक तथा ह्यासट्याग प्रयोग गर्नुपर्नेछ ।

(५) सामाजिक सञ्जाल वा अनलाइनमा आफूले तयार पारेका सामग्री प्रकाशन गर्दा सम्भव भएसम्म हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं र समय-समयमा समितिले तोकेका अन्य आधिकारिक ह्यासट्याग प्रयोग गर्नु पर्नेछ।

(६) अभियान अन्तर्गत प्रकाशित उत्कृष्ट सामग्रीलाई धनगढी उपमहानगरपालिकाले आफ्नो आधिकारिक वेबसाइट, सामाजिक सञ्जाल, प्रकाशन, प्रदर्शनी, पर्यटन प्रवर्द्धन कार्यक्रम तथा अन्य प्रचार–प्रसारका माध्यमबाट प्रयोग, प्रदर्शन वा सम्मान गर्न सक्नेछ ।

(७) सहभागीले सामग्री प्रकाशन गर्दा नेपालको प्रचलित कानून, आचारसंहिता, साइबर सुरक्षा सम्बन्धी कानूनी व्यवस्था तथा सामाजिक सञ्जाल प्रयोगसम्बन्धी प्रचलित मापदण्डको पालना गर्नुपर्नेछ ।

परिच्छेद-६

बजेट तथा आर्थिक व्यवस्था

१४. **बजेट तथा आर्थिक व्यवस्था**: (१) "हाम्रो सुदूरपश्चिम हामी चिनाउँछौं" अभियान सञ्चालनका लागि आवश्यक बजेट धनगढी उपमहानगरपालिकाको वार्षिक स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा विनियोजित रकमबाट व्यहोरिनेछ ।

(२) उपदफा (१) बमोजिम विनियोजित बजेट अभियान सञ्चालनका लागि अपर्याप्त भएमा वा वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटमा यस अभियानका लागि बजेट विनियोजन नभएको अवस्थामा, अभियान सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा प्रचलित कानूनबमोजिम नगर कार्यपालिकाले आवश्यक बजेटको व्यवस्था, रकमान्तर, थप विनियोजन वा अन्य उपयुक्त वित्तीय स्रोतको व्यवस्थापन गरी अभियान सञ्चालन गर्न सक्नेछ ।

(३) अभियान सञ्चालनका क्रममा आवश्यक पर्ने भ्रमण, अभिमुखीकरण, समन्वय, सामग्री सिर्जना (Creating), सामग्री तयारी (Preparing), मुद्रण (Printing), डिजिटल प्रवर्द्धन (Boosting), प्रचारप्रसार, क्षमता विकास, सम्मान, पुरस्कार, गोष्ठी, अन्तरक्रिया, व्यवस्थापन तथा अन्य स्वीकृत कार्यक्रमका खर्चहरू स्वीकृत बजेटको सीमाभित्र रही प्रचलित कानून तथा धनगढी उपमहानगरपालिकाको आर्थिक प्रशासनसम्बन्धी प्रचलित व्यवस्था बमोजिम गरिनेछ।

(४) अभियानको उद्देश्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, अन्य स्थानीय तह, विकास साझेदार, अन्तर्राष्ट्रिय विकास निकाय, निजी क्षेत्र, उद्योग व्यवसाय, सहकारी संस्था, गैरसरकारी संस्था, सञ्चार संस्था तथा अन्य सरोकारवालासँग प्रचलित कानूनबमोजिम सहकार्य, साझेदारी, लागत सहभागिता, अनुदान, प्रायोजन वा अन्य वैधानिक स्रोत परिचालन गर्न सकिनेछ।

(५) अभियान सञ्चालनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग, प्रायोजन, जिन्सी सहयोग वा अन्य कुनै स्रोतबाट प्राप्त रकम तथा सामग्री प्रचलित कानूनबमोजिम अभिलेख राखी पारदर्शी, मितव्ययी, जवाफदेही तथा उद्देश्यअनुरूप परिचालन गरिनेछ।

(६) अभियानसँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबार, लेखा, भुक्तानी, अभिलेख, प्रतिवेदन, अनुगमन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा वित्तीय उत्तरदायित्व प्रचलित कानून, सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी प्रचलित कानूनी व्यवस्था तथा धनगढी उपमहानगरपालिकाको आर्थिक प्रशासनसम्बन्धी प्रचलित कानूनबमोजिम सञ्चालन गरिनेछ।

(७) अभियान सञ्चालनका क्रममा आवश्यक पर्ने थप स्रोतसाधन, सामग्री वा सेवाको व्यवस्थापनका लागि प्रचलित कानूनबमोजिम दातृ निकाय, निजी क्षेत्र, सामाजिक संस्था वा अन्य सहयोगी निकायसँग समन्वय गरी सहयोग प्राप्त गर्न सकिनेछ, तर त्यस्तो सहयोगले अभियानको उद्देश्य, निष्पक्षता तथा सार्वजनिक हितमा प्रतिकूल असर पार्ने हुनुहुँदैन।

१५. **<u>खर्चको बिल, भरपाई तथा प्रमाण</u>**: (१) अभियान सञ्चालनका क्रममा भएको खर्चको बिल, भरपाई वा अन्य खर्चको प्रमाण सम्बन्धित सेवा प्रदायक व्यक्ति, संस्था वा व्यवसायीबाट जारी गरिएको बिल, बिजक, रसिद वा प्रचलित कानूनबमोजिमका अन्य प्रमाणका आधारमा पेश गर्नुपर्नेछ।

(२) मानव बस्ती नभएका वा औपचारिक होटल, लज, रेष्टुरेन्ट वा अन्य सेवा प्रदायक उपलब्ध नभएका क्षेत्र, जस्तै अपी नाम्पा बेशक्याम्प क्षेत्र, सैपाल हिमालको पश्चिमी बेशक्याम्प तथा पूर्वी आधार शिविर रानीसैन, बडीमालिका तथा यस्तै उच्च हिमाली दुर्गम स्थानहरूमा अभियान सञ्चालन गर्दा त्यसक्षेत्रको नजिक रहेका स्थानीय बासिन्दा वा समुदायको सहयोगमा खाना, खाजा, बास तथा अन्य आवश्यक सेवाको व्यवस्था गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सेवा उपलब्ध गराइएको अवस्थामा सम्बन्धित स्थानीय व्यक्ति, समूह वा समुदायसँग भएको सहमति तथा वास्तविक सेवा प्राप्त भएको आधारमा निजलाई भुक्तानी गरी भरपाई, सिफारिस, मुचुल्का वा समितिले उपयुक्त ठहर गरेको अन्य प्रमाणका आधारमा खर्च पुष्टि गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको खर्चको प्रमाणीकरण अभियान सञ्चालन तथा व्यवस्थापन समितिले गरेबमोजिम हुनेछ।

(५) अभियान सञ्चालनका क्रममा दैवीप्रकोप, प्रतिकूल मौसम, प्राकृतिक विपद्, स्थानीय अवरोध, सुरक्षा संवेदनशीलता, यातायात अवरोध, स्वास्थ्यसम्बन्धी आकस्मिक अवस्था वा आयोजक तथा सहभागीको नियन्त्रणबाहिरका अन्य कुनै कारणबाट स्वीकृत भ्रमण वा कार्यक्रम आंशिक वा पूर्ण रूपमा सम्पन्न हुन नसकेको अवस्थामा, त्यस्तो अवस्थामा कार्यतालिकाबमोजिम सम्पादन भईसकेका कार्य तथा कार्यसम्पन्न गर्दा भएको खर्चलाई यसै कार्यविधिबमोजिम भएको मानिनेछ र त्यस्तो खर्चलाई नियमित खर्चको रूपमा स्वीकार गरिनेछ।

(६) उपदफा (५) बमोजिमको अवस्था उत्पन्न भएमा अभियान सञ्चालन तथा व्यवस्थापन समितिले कारण, परिस्थिति, सम्पन्न भएका कार्य तथा भएको खर्चको यथार्थ विवरणसहित सिफारिस गरेपछि सोही आधारमा खर्च नियमित गरिनेछ।

(७) अभियान सञ्चालनका क्रममा सहभागीहरुले प्रयोग गरेका खाद्य सामग्री, इन्धन, औषधी, प्रचार–प्रसार सामग्री, मुद्रित सामग्री, ब्याट्री, ग्यास, स्टेशनरी, म्याट, अभियानको लोगो अंकित व्याच, जर्सी, टोपी र प्रयोगसँगै समाप्त हुने अन्य सामग्रीहरू फिर्ता गर्नुपर्ने छैन।

(८) अभियान सञ्चालनका क्रममा प्राकृतिक कारण, दुर्घटना, जोखिमपूर्ण भू-भाग, यातायात दुर्घटना वा नियन्त्रणबाहिरका परिस्थितिका कारण अभियानका लागि प्रयोग गरिएका सामग्री, उपकरण वा जिन्सीमा क्षति, नोक्सानी वा नष्ट हुन गएमा तथा सो सम्बन्धमा अभियान सञ्चालन तथा व्यवस्थापन समितिले यथार्थ प्रकृतिको सिफारिस गरेमा त्यस्ता सामग्री वा जिन्सी फिर्ता गर्नुपर्ने वा त्यसको मूल्य असुलउपर गरिने छैन। तर, जानाजानी, लापरबाही वा बदनियतपूर्वक क्षति पुऱ्याएको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम सम्बन्धित व्यक्तिबाट क्षतिपूर्ति सहित असुलउपर गरिनेछ।

परिच्छेद-७

विविध

१६. **प्रतिवेदन:** (१) अभियान सम्पन्न भएको मितिले पैंतीस दिनभित्र स्वीकृत कार्यक्रम अन्तर्गतको भ्रमण, अवलोकन तथा प्रवर्द्धनात्मक गतिविधिको व्यवस्थापन गर्न जिम्मेवारी तोकिएको व्यक्तिले सदस्य सचिव मार्फत अभियान सञ्चालन तथा व्यवस्थापन समितिसमक्ष विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विषयहरू समावेश भएको हुनु पर्नेछ ;–

(क) अभियान सञ्चालनको संक्षिप्त विवरण,

(ख) सहभागीको विवरण,

(ग) भ्रमण तथा कार्यक्रम सम्पन्न भएका स्थानहरूको विवरण,

(घ) निर्माण तथा प्रकाशन भएका सामग्रीहरूको विवरण,

(ङ) उपलब्धि, प्रभाव तथा सिकाइ,

(च) आय–व्ययको विवरण,

(छ) देखिएका समस्या, चुनौती तथा सुधारका लागि सुझाव, र

(ज) आवश्यक ठानेका अन्य विषयहरु ।

(२) यस कार्यविधि बमोजिमको अभियान सञ्चालनका लागि कागजात तथा फारामहरुको ढाँचाहरु सम्बन्धित महाशाखा/शाखा/जिम्मेवारी पाएको व्यक्तिले तत्काल आफैं निर्धारण गरेर प्रयोग गर्न सक्नेछन् ।

१७. **अभिलेखीकरण:** (१) अभियान अन्तर्गत तयार भएका फोटो, भिडियो, लेख, समाचार, वृत्तचित्र, सामाजिक सञ्जाल सामग्री तथा अन्य सबै दस्तावेजहरू धनगढी उपमहानगरपालिकाले डिजिटल तथा आवश्यकतानुसार भौतिक अभिलेखका रूपमा सुरक्षित राख्ने व्यवस्था सञ्चार तथा सूचना प्रविधि शाखाले गर्नेछ ।

(२) अभियानसँग सम्बन्धित सम्पूर्ण अभिलेख अनुसन्धान, पर्यटन प्रवर्द्धन, प्रकाशन, अध्ययन, अभिलेखीकरण तथा सार्वजनिक हितका प्रयोजनका लागि प्रचलित कानून बमोजिम प्रयोग गर्न सकिनेछ ।

१८. **बौद्धिक सम्पत्ति तथा सामग्री प्रयोगसम्बन्धी व्यवस्था:** (१) अभियान अन्तर्गत सामग्री निर्माण गर्ने व्यक्ति वा संस्थाको नैतिक अधिकार प्रचलित कानूनबमोजिम सुरक्षित रहनेछ ।

(२) अभियानका लागि निर्माण गरिएका फोटो, भिडियो, लेख, अडियो, ग्राफिक्स, प्रकाशन तथा अन्य सिर्जनात्मक सामग्री सार्वजनिक हित, पर्यटन प्रवर्द्धन, शैक्षिक, सूचना तथा प्रचार–प्रसारका प्रयोजनका लागि धनगढी उपमहानगरपालिकाले आवश्यक सम्पादन, अनुवाद, रूपान्तरण, पुनःप्रकाशन, प्रसारण तथा प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सामग्री प्रयोग गर्दा सम्भव भएसम्म सम्बन्धित सामग्री निर्माता वा संस्थाको नाम उल्लेख गरिनेछ ।

(४) अभियान अन्तर्गत तयार भएका सामग्रीको व्यावसायिक प्रयोग, प्रतिलिपि अधिकार तथा अन्य बौद्धिक सम्पत्तिसम्बन्धी विषय प्रचलित कानूनबमोजिम हुनेछ ।

१९. **सहभागीको प्रतिबद्धता:** (१) अभियानमा सहभागी हुने प्रत्येक सहभागीलाई अभियान सञ्चालन तथा व्यवस्थापन समितिले तोकेको ढाँचाबमोजिम प्रतिबद्धतापत्रमा हस्ताक्षर गरी कार्यविधि, आचारसंहिता तथा समितिबाट दिइने निर्देशन पालना गर्ने प्रतिबद्धता व्यक्त गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवद्धता गराउने भए प्रतिबद्धतापत्रको ढाँचा अभियान सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) अभियानमा सहभागी हुने प्रत्येक सहभागीलाई अभियान प्रतिवद्धता नगराएर समेत सहभागी गराउन सकिनेछ। तर, त्यसरी सहभागी हुने सहभागीले यस कार्यविधिबमोजिम आचारसंहिता पालना भने गर्नु पर्नेछ।

२०. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

२१. **बचाउ र संशोधन :** (१) यो कार्यविधि लागु हुनु भन्दा पहिले कार्यालयबाट भएका दार्चुलाको अपि बेशक्याम्प, अछामको पञ्चदेवल-रामारोशन-बैद्यनाथ हुँदै सैपाल हिमालको पूर्वी बेशक्याम्प रानीसैन क्षेत्र लगायतका अभियानहरु यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिनेछन्।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएका विषयहरू कार्यालयबाट निर्णय भएबमोजिम हुनेछन्।

(३) यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संशोधन आवश्यक भएमा नगर कार्यपालिकाबाट संशोधन हुनेछ।

आज्ञाले,

.....

जनकराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र